नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असोज २१ गते २०५९ साल (संख्या २६

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताल महाराजगञ्जले उपचार कार्यमा प्रयोग भइरहेको अक्सिजन ग्याँसको प्लाण्टका लागि KALTECH ENGINEERING & REFRIGERATION PTE LTD सिंगापुरबाट अमेरिकी डलर ५,८३०.०० मूल्य बराबरका मेडिकल उपकरणहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बौद्धनाथ क्षेत्रको तिनचुलीमा निर्माण भएको गुम्बामा प्रतिस्थापनका लागि थाइल्याण्डबाट प्राप्त हुने अमेरिकी डलर ८००.०० मूल्य बराबरको ४ इञ्च अग्लो बुद्धको मूर्ति आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।